खजुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुरा, बाँके प्रदेश नं ५ नेपाल

# करार सेवामा पद पूर्तिगर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७/०४/१९

यस खजुरा गाउँ कार्यपालिका मातहतमा रहेको रोजगार सेवा केन्द्र अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधी (२०७६) बमोजिम प्राविधिक सहायकको पद सेवा करारमा लिई पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट यो सुचना प्रकाशित भएको मितीले १५(पन्ध्र) दिन भित्र कार्यविधी २०७६ दफा १३ को उपदफा (६),(७),(८),(९),(१०) र (११) बमोजिम रितपूर्वक फारम भरी यस खजुरा गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्न हुन अनुरोध छ।

तपसिल :-

| क.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १(एक) |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव:-

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

(ख) अनुभव र सिप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ:-

- कम्तीमा २ महिने तालिम लिई आधारभूत कम्प्यूटरसीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजना लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, निर्माण र पारस्परिक सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

(ग) उमेर:- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

२. दरखास्त बुझाउने स्थान: खजुरा गाउँकार्यपालिकाको कार्यालय खजुरा ५ बाँके।

३. दरखास्त दिने अन्तिम मिति :१५ औं दिनको कार्यालयको समय अवधि भित्र।

४. दरखास्त दस्तुर: रु. १०००।-

५.छनौटको किसिम: प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरु:- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपि

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति
३. चारित्रिक प्रमाण पत्र
४. अनुभव खुल्ने कागजात
५. हासिल गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि
६.सवारी चालक अनुमती पत्रको प्रतिलिपी (मोटर साइकल)

७. सेवा सुविधा: गाउँ कार्यपालिका प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण:- गाउँ कार्यपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रकियाको दफा (९) बमोजिम हुनेछ।

१०. दरखास्त पेश गर्ने तरिका: माथि उल्लेखित आवश्यक कागजपत्रहरुका साथै खजुरा गाउँ कार्यापालिकाको **website** **http://www.khajuramun.gov.np/** मा भएको दरखास्त फारम **print** गरी आवश्यक विवरण भरी यस गाउँ कार्यापालिकामा पेश गर्नुपर्ने छ।

११. **Syllabus** माथि उल्लेखित **website** बाट **download** गर्न सक्नु हुनेछ।

२०७७/०४/१८

निमित्त प्रमुख प्रशासकिय अधिकृत